# स्थानीय राजपत्र

## रोहिणी गाउँपालिकाद्वारा प्रकाशित

## २०८२ साल चैत्र १० गते


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम रोहिणी गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

"रोहिणी गाउँपालिकाको माटो उत्खनन सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८२"

कार्यपालिकाबाट स्वीकृत मिति : २०८२/१२/०८

**प्रमाणीकरण मिति : २०८२/१२/१०**

प्रस्तावना : निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी कार्यविधि, २०७९ को हालसम्मको कार्यान्वयनको समीक्षा गर्दा यसलाई सामयीक तथा अद्यावधिक गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ४ को उपदफा (१) ले दिएको अधिकार र मार्गदर्शन अनुसार रोहिणी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ : यो कार्यविधिको नाम "रोहिणी गाउँपालिकाको माटो उत्खनन सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८२" हुनेछ ।**

२. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन हुनासाथ प्रारम्भ हुनेछ ।

**३. यो कार्यविधिको दफा १ मा संशोधन**

१.२ (ख) **संशोधन** गर्ने

"अनुगमन समित" भन्नाले वडास्तरमा वडा अध्यक्षको अध्यक्षतामा भएको वडा समिति र गाउँपालिकास्तरमा उपाध्यक्षको अध्यक्षतामा भएको कार्यविधिको दफा ६ को उपदफा (१)क बमोजिमको अनुगमन समितिलाई जनाउने छ ।

१.२ (च) **थप** गर्ने

"व्यवसायी/संस्था" भन्नाले निर्माणजन्य सामाग्री (ढुंगा, गिट्टी, बालुवा, ईट्टा, माटो लगायत) को उत्खनन, ढुवानी तथा ओसारपसार गर्ने/उपलब्ध गराउने/बेचबिखन गर्ने सप्लायर्स व्यवासायी/कम्पनी/संस्था/फर्म लाई जनाउने छ ।

**४. यो कार्यविधिको दफा २ मा संशोधन**

२.१ (च) **संशोधन गर्ने**

बिक्री/व्यापार गर्ने उद्देश्य नराखी आफ्नो निजी स्वामित्वको जग्गाबाट घरायसी प्रयोजनका लागि तोकिएको राजश्व दाखिला गरी वडाभित्र भएमा वडा कार्यालयबाट तथा वडा भन्दा बाहिर भएमा गाउँपालिकाबाट अनुमति लिएर लैजान अनुमति दिन सकिनेछ । अनुमति लिनका लागि प्रयोजन खुल्ने कागजात (जस्तै घर बनाउँदा माटो पटान गर्नुपर्ने भएमा घर निर्माणका लागि नक्शा पास अनुमति पत्र) अनिवार्यरूपमा पेश गर्नु पर्नेछ । घर बनाउँदा आफ्नै जग्गाबाट ल्याई माटो पटान गर्नुपर्ने भएमा हाललाई निशुल्क हुनेछ साथै आवश्यकता अनुसार आर्थिक ऐनले व्यवस्थित गर्न सकिनेछ ।

विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

तर हाते औजारको प्रयोग गरी कृषकले आफ्नो स्वामित्वमा रहेको जमिन खनी निस्कने माटो बिक्री/व्यापार गर्ने उद्देश्य नराखी घरायसी प्रयोजनका लागि गाउँपालिकाभित्र लैजान वडा कार्यालय वा गाउँपालिकासँग समन्वय गरेर लैजान सक्नेछन्, अनुमतिको आवश्यकता पर्ने छैन ।

२.२ अनुमति माग गर्ने विधि मा थप र संशोधन गर्ने

(क) निजी जग्गामा माटो उत्खनन तथा ओसारपसार गर्न चाहने व्यक्ति वा संस्थाले आवश्यक कागजात सहित सम्बन्धित वडा कार्यालयमा अनुसूची — ७ बमोजिमको निवेदन पेश गर्नु पर्नेछ । वडा कार्यालयले अनुसूची — ६ बमोजिमको सर्जमिन मुचुल्का तयार गरी माटो उत्खनन/ढुवानी/ओसारपसारको अनुमतीका लागि गाउँपालिकामा लेखी पठाउनु पर्नेछ ।

(ख) यस कार्यविधिमा अन्यत्र जुनसुकै लेखिएको भएता पनि माटोको ढुवानीको लागि भारी सवारी साधन (ट्रक/टिप्पर) को प्रयोग गर्न दिने वा नदिने सम्बन्धमा सम्बन्धित वडाको सडकको अवस्था हेरी वडा कार्यालयले सिफारिस गरे बमोजिम हुनेछ ।

(ग) व्यक्तिगत उत्खनन तथा ओसारपसारको लागि अनुमति लिएर कुनै पनि व्यवसायी/संस्थालाई जिम्मा लगाउन पाइने छैन । व्यवसायी/संस्था/फर्मले उत्खनन तथा ओसारपसार को अनुमति लिन चाहेमा प्रयोजन सहितको निवेदन गाउँपालिकामा पेश गरी सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा, वडा कार्यालयको सिफारिस लगायतको आधारमा गाउँपालिकामा जग्गाधनी, व्यवसायी/संस्था र गाउँपालिका बिच अनुसूची — ५ बमोजिमको त्रिपक्षीय सम्झौता गरी व्यवस्थित गर्न सकिनेछ ।

(घ) व्यवसायी/संस्था/फर्मद्वारा एक कामको कार्यसम्पन्न नभएसम्म अर्को कामको लागि अनुमति प्रदान गरिने छैन ।

८. थप गर्ने

व्यवसायी/संस्थाले उत्खनन तथा ओसारपसार को अनुमति लिन चाहेमा सोहि बमोजिमको वडाको सिफारिस पत्र ।

२.३ माछा पोखरी निर्माण सम्बन्धी व्यवस्था थप गर्ने

२.३.१ अनुमति लिनुपर्ने :

यस गाउँपालिका भित्र निजी जग्गामा माछापोखरी खन्नका लागि गाउँपालिकाको अनुमति लिनुपर्नेछ ।

विधा प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

२.३.२ निर्माण तथा उत्खनन प्रक्रिया :

(क) माछापोखरी खन्न चाहने व्यक्ति वा संस्थाले आवश्यक कागजात सहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

(ख) अनुमतिका लागि निवेदन पेश गर्दा पोखरी खन्दा निस्केको माटो त्यही पोखरी वरिपरि व्यवस्थापन गर्ने हो वा बढी भएको माटो बेचबिखन गर्ने हो निवेदनमा उल्लेख गर्नुपर्नेछ ।

(ग) यदि बढी भएको माटो बेचबिखन गर्ने हो भने सोको अनुमानित परिमाण समेत निवेदनमा एकीन गर्नुपर्नेछ ।

(घ) यसरी प्राप्त निवेदनमा सम्बन्धित वडाध्यक्षको तोकआदेश लिई वडाका कर्मचारीले सम्बन्धित स्थानको स्थलगत अवलोकन गरी सँधियारहरूको उपस्थितिमा सर्जमिन गरी मुचुल्का तयार पारी गाउँपालिकामा पठाउनु पर्नेछ ।

(ङ) गाउँपालिकाले पोखरी बनाइ बढी हुन सक्ने माटो ओसारपसारका लागि राजश्व तिरेर अनुमति लिनुपर्ने शर्त सहित पोखरी खन्ने कार्यको लागि अनुमति दिनेछ ।

(च) पोखरी खन्ने व्यक्ति वा संस्थाले पोखरी निर्माण पश्चात बढी हुने माटो ओसारपसारका लागि कार्यालयमा पुनः अनुमति माग गर्नुपर्नेछ ।

(छ) पोखरी खन्ने क्रममा नदीजन्य पदार्थ (मिस्कट, वालुवा) निस्केमा तुरून्त खन्ने कार्य रोकी गाउँपालिकालाई जानकारी दिनुपर्नेछ । गाउँपालिकाले नदीजन्य पदार्थको राजश्व बुझिलिई उत्खनन तथा बेचबिखन अनुमति दिन सक्नेछ ।

(ज) सम्बन्धित वडा हेर्ने प्राविधिक/अमिनले पोखरी बनाई बढी भएको माटोको नापजाँच गरी परिमाण समेत एकीन गरी सिफारिस गर्नुपर्नेछ ।

(झ) सिफारिसका आधारमा गाउँपालिकाले ओसारपसार तथा बेचबिखन गर्ने अनुमति दिनेछ । अनुमतिपत्र प्रदान गर्दा ओसारपसार गर्ने माटोको परिमाण, ढुवानी गरी लैजाने साधनहरू, ढुवानी गर्ने अवधि, ढुवानी गरी लैजाने स्थान आदि स्पष्ट रूपमा खुलाउनु पर्नेछ ।

२.३.३ पोखरी निर्माण मापदण्ड

(क) बस्ती, बाटो, विद्यालय, मन्दिर वा धार्मिक स्थल, नदी, पुरातात्विक स्थान आदिबाट ३०० मिटर वरिपरिको क्षेत्रमा पोखरी निर्माण गर्न पाइनेछैन ।

(ख) माछापोखरी निर्माण गर्दा पोखरीको गहिराई ६ फुट भन्दा बढी हुने छैन ।

(ग) वरिपरिका साँधबाट कम्तिमा १.५ मिटर छाडेर मात्र पोखरी निर्माण गर्न पाइनेछ ।

(घ) उत्खनन/ढुवानी/ओसारपसार गर्ने कार्य विहान ६ बजे देखि साँझ ६ बजेसम्म मात्र गर्नुपर्नेछ ।

(ङ) उत्खनन गर्दा निस्केको माटो बिक्री तथा ओसारपसारका लागि तोकिएको राजश्व दाखिला गरी अनुमति लिएर मात्र गर्न पाइनेछ ।

(च) उत्खनन तथा ओसारपसार सम्बन्धमा अनुगमन समितिले दिएको निर्देशन पालना गर्नुपर्नेछ । मापदण्ड विपरित कार्य गरेमा तत्काल अनुमति रद्द गरी आवश्यक कारवाही गरिनेछ ।

(छ) प्राविधिक सहितको गाउँपालिकास्तरीय अनुगमन समितिको अनुसूची १ बमोजिमको सामाजिक तथा वातावरणीय लेखाजोखा प्रतिवेदनका आधारमा पर्यावरणीय तथा नदी सुरक्षाका दृष्टिले उत्खनन गर्न दिन सकिने वा नसकिने एकीन गरी अनुमति दिन सकिनेछ ।

(ज) पोखरी निर्माणका लागि अनुमति माग गर्दा निवेदनका साथमा मत्स्यजोन कार्यालय रूपन्देही वा गाउँपालिकाको कृषि विकास शाखाको सिफारिस पत्र संलग्न गर्नुपर्नेछ ।

५. यो कार्यविधिको दफा ३ मा संशोधन

३.१ (च) **थप गर्ने**

वडा/गाउँपालिकाको प्राविधिक टोलीले उत्खनन गर्न सकिने माटोको कुल परिमाण र दाखिला गर्नुपर्ने राजश्व एकीन गर्दा दैनिक उत्खनन गर्न सकिने माटोको परिमाण र अनुमति दिन मिल्ने समय (दिनमा) समेत खुलाई सिफारिस गर्नुपर्नेछ । साथै माटो उत्खनन गर्ने प्रस्तावित जग्गाको चौकिल्ला छुट्टिने गरी निशाना (काठ, बाँस, किला) राख्नु पर्नेछ र सम्भव भएसम्म स्थानीय प्रहरीको रोहवरमा उक्त कार्य गर्नुपर्नेछ ।

(छ) **अनुमति प्रदान गर्ने कर्मचारी** : सबै प्रक्रिया पुरा भएपछि प्रमुख प्रशासकीय अधिकृत वा प्रशासन/योजना/राजश्व हेर्ने अधिकृत स्तरको कर्मचारीले उत्खनन तथा ओसारपसार गर्ने अनुमति प्रदान गर्न सक्नेछन् । घरायसी प्रयोजनको वडा भित्र ढुवानी तथा ओसारपसारका लागि वडा अध्यक्षले उत्खनन तथा ओसारपसार गर्ने अनुमति प्रदान गर्न सक्नेछन् ।

६. यो कार्यविधिको दफा ४ मा संशोधन

४.१.१ **संशोधन गर्ने**

माटो उत्खनन् वापत प्रति घन फुट लाग्ने राजश्व गाउँपालिका/लुम्बिनी प्रदेशको आर्थिक ऐन बमोजिम हुनेछ ।

विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

४.१.३ संशोधन गर्ने

माटो उत्खनन् तथा ओसारपसारका लागि सवारी साधन (ट्याक्ट्रर, ट्रिप्पर, जे.सि.बी., अन्य उपकरण) को दर्ता/सूचीकृत/अभिलेखीकरण/जरिवाना शुल्क गाउँपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ ।

४.१.५ हटाउने

४.२ उत्खननका लागि शर्त तथा मापदण्डहरू संशोधन तथा थप गर्ने

(ग) जग्गा सम्याउने कार्यको हकमा प्रस्तावित जमिनको सबभन्दा तल्लो तहसम्म मात्र उत्खनन गर्न पाइनेछ र सँधियारहरूको खेतको सतहको प्रतिकूल हुने गरी उत्खनन गर्न पाइने छैन ।

(छ) माटो उत्खनन गर्दा ३ फिट भन्दा बढी गहिरो हुने गरी उत्खनन गर्न पाइने छैन ।

४.४ संशोधन तथा थप गर्नु पर्ने

(ख) उत्खनन/ढुवानी/ओसारपसार गर्ने कार्य विहान ६ बजे देखि साँझ ६ बजेसम्म मात्र गर्नुपर्नेछ ।

(ट) उत्खनन तथा ओसारपसारको काम सम्पन्न भएपछि जग्गाधनी वा व्यसायी/संस्थाले वडा समितिलाई निवेदन दिइ अन्तिम अनुगमन प्रतिवेदन तयार गर्न लगाई ३५ दिन भित्र धरौटी फिर्ताका लागि गाउँपालिकामा निवेदन पेश गर्नु पर्नेछ अन्यथा धरौटी फिर्ता हुनेछैन ।

७. यो कार्यविधिको दफा ५ मा संशोधन

५.१ (घ) संशोधन गर्ने

कार्यविधि विपरीत अवैधरूपमा माटो तथा अन्य निर्माणजन्य खनिज (नदीजन्य समेत) पदार्थ उत्खनन तथा ओसारपसार गरेको पाइएमा गाउँपालिकाको आर्थिक ऐन बमोजिम जरिवाना (राजश्वको दोब्बर रकम) गरिनेछ । साथै पटके उलङ्घनको जरिवाना प्रति पटक दोब्बर हुँदै जानेछ । अवैधरूपमा उत्खननमा संलग्न हुने व्यक्ति, जग्गाधनी, संस्था र सवारी साधनको अभिलेख राजश्व शाखाले राख्नु पर्नेछ ।

८. यो कार्यविधिको दफा ६ मा संशोधन

६.१ (क) संशोधन तथा थप गर्ने

गाउँपालिकाका उपाध्यक्षको अध्यक्षतामा भएको तपसिल बमोजिमको अनुगमन समितले जनसुकै बेला उत्खनन तथा ओसारपसार कार्यको अनुगमन गर्न र आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशनहरू सम्बन्धित पक्षले अनिवार्यरूपमा पालना गर्नु पर्नेछ ।

रोहिणी गा.पा. अध्यक्ष

तपसिल (गाउँपालिकास्तरीय अनुगमन समित)

| | | |
|---|---|---|
| उपाध्यक्ष | - | संयोजक |
| सम्बन्धित वडाको वडाध्यक्ष | - | सदस्य |
| विपद व्यवस्थापन शाखा प्रमुख | - | सदस्य |
| सम्बन्धित वडा हेर्ने प्राविधिक/अमिन | - | सदस्य |
| राजश्व शाखा प्रमुख | - | सदस्य सचिव |

६.१ (घ) थप गर्ने

**वडा अनुगमन समिति (वडा समिति) बाट गरिने अनुगमन :** माटो उत्खनन तथा ओसारपसारको सम्पूर्ण चरणमा वडा अनुगमन समितिले एक्लै वा गाउँपालिकास्तरीय अनुगमन समिति वा स्थानीय प्रहरीसँग मिलेर संयुक्तरूपमा निरन्तर अनुगमन गर्नु पर्नेछ । साथै माटो उत्खनन तथा ओसारपसारको काम सम्पन्न भएपछि १५ दिनभित्र उत्खनन अनुमति लिएको ठीक ठाउँबाट ठीक परिमाणमा उत्खनन भए/नभएको तथा लागत अनुमान बमोजिम भए/नभएको एकीन गरी वडा अनुगमन समितिले गाउँपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ । साथै कार्यविधि विपरीत अनुमति नलिएको ठाउँमा र अनुमति लिए भन्दा बढी परिमाणमा उत्खनन गरेमा कारवाहीका लागि सिफारिस समेत गर्नु पर्नेछ । वडा अनुगमन समितिमा अनिवार्यरूपमा प्राविधिक कर्मचारी (वडा हेर्ने जिम्मेवारी तोकिएको प्राविधिक/अमिन) हुनुपर्नेछ ।

६.१ (ङ) थप गर्ने

घरायसी प्रयोजनको लागि वडा कार्यालयबाट उत्खनन तथा ढुवानी/ओसारपसार गर्ने अनुमति दिंदा त्यसको बोधार्थ गाउँपालिका र नजिकको प्रहरी कार्यालयलाई समेत दिनु पर्नेछ साथै १५ दिनभित्र अन्तिम अनुगमन प्रतिवेदन अनिवार्यरूपमा गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

**९. यो कार्यविधिको दफा ७ मा संशोधन**

७.१.२ (घ) **संशोधन गर्ने**

कार्यविधि विपरीत अवैधरूपमा माटो तथा अन्य निर्माणजन्य खनिज (नदीजन्य समेत) पदार्थ उत्खनन तथा ओसारपसार गरेको पाइएमा वा अनुमति लिएको उद्देश्य विपरित उत्खनन गरेको पाइएमा जग्गाधनी वा व्यवसायी/संस्था/फर्मले राखेको सम्पूर्ण धरौटी जफत गरी कानून बमोजिम गाउँपालिकाको खातामा दाखिला गरिनेछ । त्यस्ता जग्गाधनी वा व्यवसायी/संस्थालाई उक्त आर्थिक वर्षमा पुन उत्खनन् तथा ओसारपसारका लागि अनुमति दिइने छैन ।

विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

७.१.३ (घ) **संशोधन तथा थप गर्ने**

अनुमति बमोजिम माटोको उत्खनन तथा ओसारपसार गर्ने कार्य सम्पन्न भएको ३५ दिन भित्र जग्गाधनी वा व्यसायी/संस्था/फर्म/कम्पनीले तपसिल बमोजिमका कागजात सहित धरौटी फिर्ताका लागि कार्यालयमा निवेदन दिनु पर्नेछ । अन्यथा धरौटी फिर्ता पाइने छैन ।

<u>तपसिल</u>

- निवेदन (अनुमति प्राप्त गरेको स्थान र परिमाण बमोजिम मात्र उत्खनन तथा ओसारपसार गरेको स्वघोषणा सहित)
- सम्बन्धित वडा समितिको सम्पन्न प्रतिवेदन
- धरौटी राख्दाको भौचर
- उत्खनन पूर्व र पश्चातका फोटोहरू
- अन्य कागजात

१०. अनुसूची २ संशोधन गरिएको

११. अनुसूची ३ लाई अनुसूची १० बनाइएको तथा संशोधन गरिएको

१२. अनुसूची ४, ५, ६, ७, ८ र ९ थप गरिएको

विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

अनुसूची – २

दफा २ को उपदफा २ सँग सम्बन्धित

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धकधई, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## जग्गाधनीले दिने निवेदन

मिति :

श्री रोहिणी गाउँपालिका,

धकधई, रूपन्देही ।

**विषय : निजी जग्गाबाट माटो उत्खनन गरी ढुवानी/ओसारपसार गर्नका लागि अनुमति पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा जिल्ला रूपन्देही साविक ......................... गा.वि.स. वडा नं.................. हाल रोहिणी गाउँपालिका वडा नं.................. बस्ने .................................................... को नाती/बुहारी ................................................को छोरा/पत्नी ..................................................................को नाममा दर्ता रहेको ............................गा.वि.स. वडा नं ............. को कित्ता नं. ....................... को ज.वि. ..................................(बिगाहा-कट्ठा-धुर) जग्गाबाट ...................................(बिगाहा-कट्ठा-धुर) ..............फिट ................ईन्च गहिरो हुने गरी माटो उत्खनन गरी आफ्नो जग्गामा लैजान/बिक्री गर्नको लागि तपसिल बमोजिमको गाडीबाट ढुवानीको लागि अनुमति पत्र उपलब्ध गराइदिनु हुनका लागि यो निवेदन पेश गरेको छु । रोहिणी गाउँपालिकाले तोकेको सम्पूर्ण शर्तहरू पालना गर्न मञ्जुर छु । अनुमति दिइएको परिमाण भन्दा बढी र स्थान भन्दा अन्यत्र उत्खनन गरेमा नियमानुसार कारवाही भोग्न तयार छु ।

तपसिल

| क्र.सं. | माटो उत्खनन गर्ने साधनको नम्बर | माटो ढुवानी/ओसारपसार गर्ने साधनको नम्बर |
|---|---|---|
| | | |

| दायाँ | बायाँ |
|---|---|
| | |

निवेदन

सही :

नाम थर :

ठेगाना :

सम्पर्क नम्बर :

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धकधई, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

# अनुसूची — ३

## दफा २ को उपदफा २ सँग सम्बन्धित

## व्यवसायी/फर्म/संस्थाले दिने निवेदन

मिति :

श्री रोहिणी गाउँपालिका,
धकधई, रूपन्देही ।

**विषय : माटोजन्य पदार्थ उपलब्ध गराइदिनु हुन ।**

महोदय,

प्रस्तुत विषयमा ..........................................................(व्यवसायी/फर्म/संस्थाको नाम) लाई ................................................ को नाममा दर्ता कायम रहेको रोहिणी गाउँपालिका वडा नं. .......... कित्ता नं. ..................क्षेत्रफल.......................... को जग्गाबाट ........................................................ प्रयोजनको लागि माटोजन्य पदार्थ आवश्यक परेको हुनाले संलग्न कागजातहरूको आधारमा माटो उपलब्ध गराइदिनुहुन सादर अनुरोध छ ।

निवेदक

फर्मको नाम :

संचालक/व्यवस्थापकको सही :

छाप :

संलग्न कागजातहरू

१. फर्म/संस्था दर्ता प्रमाणपत्रको फोटोकपी
२. VAT/PAN नम्बर
३. करचुक्ता प्रमाणपत्रको फोटोकपी
४. जग्गाधनीको मञ्जुरीनामा कागजात
५. निवेदकको नागरिकताको प्रमाणपत्रको फोटोकपी

विष्णु प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

अनुसूची — ४

दफा ३ को उपदफा १ (ङ) सँग सम्बन्धित

रोहिणी गाउँपालिका

धकधई, रूपन्देही

रोहिणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धकधई, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल २०७३

पत्र संख्या :

चलानी नं.

मिति :

## अनुमति पत्र नं.

श्री जो जस सँग सम्बन्धित छ ।

विषय : माटो उत्खनन गरी ढुवानी/ओसारपसार गर्ने अनुमति दिइएको ।

प्रस्तुत विषयमा ........................................................ को नाममा दर्ता कायम रहेको रोहिणी गाउँपालिका वडा नं................ कित्ता नं................... को जग्गा क्षेत्रफल.................... बाट उल्लेखित शर्तहरूको अधिनमा रही माटो उत्खनन गरी ढुवानी/ओसारपसार गर्न अनुमति दिइएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

तपसिल

१. अनुमति लिने मुख्य व्यक्ति/व्यवसायी/फर्म/संस्थाको नाम :

ठेगाना :

सम्पर्क नं :

अनुमति दिने अधिकारी

२. माटो उत्खनन गर्ने जग्गाको चारैतर्फका साँधियारहरू

पूर्व तर्फ .................................................... पश्चिम तर्फ....................................................

उत्तर तर्फ.................................................... दक्षिण तर्फ....................................................

३. उत्खनन गरी ढुवानी गर्ने माटोको अनुमानित परिमाण ........................ घनफिट/घनमिटर

४. राजश्व बुझाएको रकम रू.........................(अक्षरेपी ..........................................)

५. उत्खननमा प्रयोग हुने साधनहरू :

६. ढुवानी/ओसारपसारमा प्रयोग हुने साधनहरू :

७. ढुवानी गरी लैजाने स्थान र प्रयोग हुने मुख्य बाटो :

८. उत्खनन/ढुवानी/ओसारपसारका लागि समयावधि : मिति ...................... देखि ........................ सम्म

बोधार्थ

श्री ............नं. वडा कार्यालय, रोहिणी गाउँपालिका, रूपन्देही ।

नोट : ढुवानीका साधन हेरफेर गर्नुपरेमा वा उत्खनन/ढुवानी गर्ने म्याद समाप्त भएमा यस कार्यालयलाई जानकारी गराई पुनः अनुमति लिनुपर्नेछ । कार्य सम्पन्न भएको ३५ दिन भित्र आवश्यक कागजात सहित धरौटी फिर्ताका लागि निवेदन दिनु पर्नेछ, अन्यथा धरौटी फिर्ता पाइने छैन ।

यादव

## अनुमति प्राप्त व्यक्ति/संस्था/सवारी साधनले पालना गर्नुपर्ने शर्तहरू

१. यो अनुमति विशुद्ध निजी जग्गाधनी र चौकिल्लाका संधियारको सहमतिमा निजी जग्गा उत्खनन गरी निस्कने माटो मात्र ओसारपसार गर्नका लागि प्रदान गरिएको छ । उत्खननका क्रममा भूगर्भबाट माटो बाहेकका अन्य वस्तु (बालुवा, मिस्कट, गिट्टी, ढुंगा लगायतका अन्य खनिज पदार्थ) निस्केमा तत्काल उत्खनन कार्य बन्द गरी रोहिणी गाउँपालिकालाई जानकारी गराउनुपर्नेछ ।

२. माटोको उत्खनन/ढुवानी/ओसारपसार गर्दा यो अनुमतिपत्र अनिवार्यरूपमा साथमा हुनुपर्नेछ । अन्यथा कानून बमोजिम हुने कारवाहीबाट छुटकरा हुनेछैन ।

३. माटोको उत्खनन/ढुवानी/ओसारपसार गर्ने कार्य विहान ६ बजे देखि साँझ ६ बजेसम्म मात्र गर्नुपर्नेछ ।

४. उत्खनन भएको माटो तथा त्यहाँबाट अनुमतिप्राप्त गन्तव्यसम्म पठाइएको माटोको व्यवस्थित अभिलेख राख्ने कार्य सम्बन्धित व्यक्ति/व्यवसायी/संस्था/फर्म को हुनेछ ।

५. यो अनुमतिपत्र अनुसार बढीमा ३ फिट सम्ममात्र माटो उत्खनन गर्न पाइनेछ ।

६. अनुमति लिएको उद्देश्य, स्थान र परिमाण बमोजिम मात्र माटोको उत्खनन/ढुवानी/ओसारपसार गर्नुपर्नेछ । अन्यथा रोहिणी गाउँपालिकाको निर्णय बमोजिम जरिवाना सहित थप कारवाही हुनेछ ।

७. यो अनुमतिपत्रको म्याद सकिनु पहिले नै मनासिब कारण भएमा उल्लेख गरी वडा समिति र प्राविधिकको सिफारिस सहित नवीकरण गराउनु पर्नेछ । म्याद सकिएपछि नवीकरणका लागि निवेदन दिएमा थप ५० प्रतिशत जरिवाना लिएर एक पटकका लागि नवीकरण गर्न सकिनेछ ।

८. रोहिणी गाउँपालिकामा दर्ता/सूचिकृत/अभिलेखीकरण भएका र अनुमति लिएका सवारी साधनहरू (जे.सि.बी./ ट्याक्ट्रर/टिप्पर) माटोको उत्खनन/ढुवानी/ओसारपसार मा प्रयोग गर्न पाइनेछ ।

९. ढुवानीका साधन हेरफेर गर्नुपर्ने भएमा गाउँपालिकाको अनुमति लिनुपर्नेछ ।

१०. उत्खनन स्थलमा जग्गाधनीको नाम, उत्खननकर्ता, उत्खनन परिमाण, उत्खनन गर्ने समय लगायतका सबै विवरण खुल्ने सूचनापाटी राख्नुपर्नेछ । साथै माटो उत्खनन गर्ने अवधिभर अनुमति दिइएको जग्गाको चौकिल्ला छुट्टिने गरी निशाना (काठ/बाँस/किला/अन्य) राखी स्पष्ट सीमा निर्धारण गर्नु पर्नेछ ।

११. सडकको भारवहन क्षमता अनुसारको सवारी साधन मात्र प्रयोग गर्नुपर्नेछ ।

१२. माटो लोड भएका सवारी साधन गन्तव्यमा नपुगुन्जेल सडक किनारामा रोकी राख्न पाइनेछैन ।

१३. माटो ढुवानी/ओसारपसार गर्ने सवारी साधनले प्रेसर हर्न प्रयोग गर्न पाइनेछैन तथा राजमार्ग बाहेकका भित्री सडकमा ४० क.मि. प्रतिघण्टा भन्दा बढी गतिमा चलाउन पाइनेछैन । ढुवानी/ओसारपसार गर्दा उत्खनन स्थलबाटै ढाकेर/छोपेर लैजानुपर्नेछ ।

१४. ढुवानी/ओसारपसार गर्ने भित्री बाटोहरूमा धुलो उड्न नदिन नियमितरूपमा पानी छर्कने कार्य पनि उत्खनन कर्ताले नै गर्नुपर्नेछ ।

१५. स्थानीय नागरिकहरूबाट भएका माटो उत्खनन/ढुवानी/ओसारपसार सम्बन्धी गुनासो व्यवस्थापन उत्खनन कर्ताले नै गर्नुपर्नेछ ।

१६. उल्लेखित शर्तहरूको उलङ्घन गरेमा तुरून्त अनुमतिपत्र खारेज गरी कानून बमोजिम कारवाही गरिनेछ साथै दाखिला गरेको राजश्व फिर्ता हुने छैन ।

-

गा.पा. अध्यक्ष

## अनुसूची — ५

### दफा २ को उपदफा २ सँग सम्बन्धित

### माटो उत्खनन तथा ओसारपसार सम्बन्धी त्रिपक्षीय सम्झौता पत्र

रोहिणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भुजवई, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल २०७३

जग्गाधनीको स्वामित्वमा रहेको जग्गाबाट माटो उत्खनन तथा ओसारपसार कार्यलाई कानूनी, व्यवस्थित र वातावरणमैत्री रूपमा सञ्चालन गर्ने तथा सो कार्यबाट प्राप्त हुने राजस्व रोहिणी गाउँपालिकामा दाखिला गर्ने-गराउने उद्देश्यले जग्गाधनी, उत्खनन तथा ओसारपसार गर्ने संस्था, र गाउँपालिका बीच यो त्रिपक्षीय सम्झौता गरिएको छ ।

**उत्खनन हुने स्थान**

वडा नं.: ............ टोल/गाउँ: ............

कित्ता नं.: ............ क्षेत्रफल: ............

उत्खनन गर्न अनुमति दिइएको परिमाणः .......... घनफिट ($ft^3$)/ घनमिटर ($m^3$)

**पहिलो पक्ष (जग्गाधनी) का दायित्व**

- आफ्नो स्वामित्वको र अनुमति दिइएको जग्गाबाट मात्र माटो उत्खनन गर्न अनुमति दिने ।
- जग्गा सम्बन्धी विवाद भएमा सोको जिम्मेवारी स्वयं वहन गर्ने ।
- गाउँपालिकाले तोकेको मापदण्ड पालना गर्ने र सम्झौता विपरीत कार्य नगर्ने ।

**दोस्रो पक्ष (उत्खननकर्ता/व्यवसायी) का दायित्व**

- स्वीकृत परिमाण र क्षेत्रभित्र अनुमति प्राप्त साधनहरूबाट मात्र माटो उत्खनन र ओसारपसार गर्ने ।
- तोकिएको दर अनुसार राजस्व तथा धरौटी रकम गाउँपालिकामा बुझाउने ।
- सडक, नाला, सार्वजनिक संरचनामा क्षति नपुऱ्याउने ।
- वातावरणीय मापदण्ड (धुलो नियन्त्रण, पानी व्यवस्थापन, सुरक्षा आदि) पालना गर्ने ।
- उत्खननपछि जग्गा सम्याउने वा आवश्यक सुधार गर्ने ।

**तेस्रो पक्ष (गाउँपालिका) का दायित्व**

- उत्खनन कार्यको अनुगमन तथा नियमन गर्ने र राजस्व संकलन तथा अभिलेख राख्ने ।
- मापदण्ड विपरीत कार्य भएमा आवश्यक कारबाही गर्ने ।

**सम्झौता अवधि** : यो सम्झौता मिति ........................ देखि मिति ........................ सम्म लागू हुनेछ ।

यदि कुनै पक्षले सम्झौताको शर्त उल्लङ्घन गरेमा गाउँपालिकाले उत्खनन कार्य तुरुन्त रोकी प्रचलित कानून बमोजिम कारबाही गर्नेछ । सम्झौतामा उल्लेख नभएका विषयहरू प्रचलित कानून तथा गाउँपालिकाको निर्णय अनुसार हुनेछ

**पहिलो पक्ष (जग्गाधनी)**

नाम : ..................................

हस्ताक्षर : ..............................

**दोस्रो पक्ष (संस्था/व्यवसायी)**

नाम : ..................................

हस्ताक्षर : ..............................

**तेस्रो पक्ष (गाउँपालिका)**

नाम : ..................................

पद : ..................................

हस्ताक्षर : ..............................

**साक्षीहरू**

१. ...................................

२. ...................................

इति सम्वत .............. साल ............ महिना .............. गते रोज ...........शुभम् ।

अनुसूची — ६

दफा २ को उपदफा २ सँग सम्बन्धित

रोहिणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खुदाबगर, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल २०७३

## निजी जग्गाको माटो उत्खनन गरी ओसारपसार गर्नका लागि गरिएको सर्जमिन मुचुल्का

लिखितम जिल्ला रूपन्देही रोहिणी गाउँपालिका वडा नं............. बस्ने श्री..................................................... ले दर्ता नं. ............ गतेकको निवेदन अनुसार तपसिलको जग्गाबाट माटो उत्खनन गरी ढुवानी/ओसारपसार तथा बिक्री बितरणका लागि अनुमति माग गरेकोले उक्त कार्यका लागि हामी तपसिलका संधियारहरूलाई कुनै किसिमको बाधा हुने छैन पछि कुनै किसिमको उजुर-बाजुर तथा दावी-विरोध गर्ने छैनौ भनी साक्षी किनाराको रोहवरमा यो सर्जमिन मुचुल्कामा सहीछाप गरी रोहिणी गाउँपालिकामा चढायौं ।

### माटो उत्खनन गर्ने जग्गाको विवरण

| क्र.सं. | साविक गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

**संधियारहरू**

पूर्व पट्टीका संधियार श्री ........................................................................ दस्तखत ........................

पश्चिम पट्टीका संधियार श्री ........................................................................ दस्तखत ........................

उत्तर पट्टीका संधियार श्री ........................................................................ दस्तखत ........................

दक्षिण पट्टीका संधियार श्री ........................................................................ दस्तखत ........................

**साक्षीहरू**

जि. रू. रोहिणी गा.पा. वडा नं. .......... बस्ने वर्ष ........ को श्री .............................. दस्तखत ...............

जि. रू. रोहिणी गा.पा. वडा नं. .......... बस्ने वर्ष ........ को श्री .............................. दस्तखत ...............

**रोहवरमा**

रोहिणी गाउँपालिका वडा नं. .........का वडा अध्यक्ष श्री ........................................... दस्तखत ...............

निवेदक जग्गाधनी श्री ......................................................................

ना.प्र.नं. ......................... जारी मिति ............................. जारी गर्ने जिल्ला .....................

काम तामेली गर्ने

रोहिणी गाउँपालिका वडा नं ........ का वडा सचिव/कर्मचारी श्री ............................... दस्तखत .............

इति सम्वत .............. साल ............ महिना .............. गते रोज ...........शुभम् ।

अनुसूची — ७

दफा २ को उपदफा २ सँग सम्बन्धित

रोहिणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भुजहवा, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल २०७३

## जग्गाधनीले वडा कार्यालयमा दिने निवेदन

श्रीमान् वडा अध्यक्ष ज्यू,  मिति :

........... नं. वडा कार्यालय,

रोहिणी गाउँपालिका, रूपन्देही ।

**विषय : निजी जग्गाबाट माटो उत्खनन गरी ढुवानी/ओसारपसार गर्नका लागि अनुमति पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा जिल्ला रूपन्देही साविक .......................... गा.वि.स. वडा नं.................. हाल रोहिणी गाउँपालिका वडा नं.................... बस्ने ....................................................... को नाती/बुहारी ..................................................को छोरा/पत्नी ..................................................................को नाममा दर्ता रहेको .............................गा.वि.स. वडा नं .............. को कित्ता नं. ....................... को ज.वि. ...................................(बिगाहा-कट्ठा-धुर) जग्गाबाट ....................................(बिगाहा-कट्ठा-धुर) ..............फिट ................ईन्च गहिरो हुने गरी माटो उत्खनन गरी आफ्नो जग्गामा लैजान/बिक्री गर्नको लागि तपसिल बमोजिमको गाडीबाट ढुवानीको लागि अनुमति पत्र उपलब्ध गराइदिनु हुनका लागि यो निवेदन पेश गरेको छु । रोहिणी गाउँपालिकाले तोकेको सम्पूर्ण शर्तहरू पालना गर्न मञ्जुर छु । अनुमति दिइएको परिमाण भन्दा बढी र स्थान भन्दा अन्यत्र उत्खनन गरेमा नियमानुसार कारवाही भोग्न तयार छु ।

तपसिल

| क्र.सं. | माटो उत्खनन गर्ने साधनको नम्बर | माटो ढुवानी/ओसारपसार गर्ने साधनको नम्बर |
|---|---|---|
| | | |

| दायाँ | बायाँ |
|---|---|
| | |

निवेदन

सही :

नाम थर :

ठेगाना :

सम्पर्क नम्बर :

विद्या प्रसाद यादव
अध्यक्ष

अनुसूची — ८

दफा २ को उपदफा २ सँग सम्बन्धित

रोहिणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धकधई, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल २०७३

## जग्गाधनीले माटो उत्खनन/ढुवानी/ओसारपसार गर्न दिएको मञ्जुरीनामा पत्र

श्री रोहिणी गाउँपालिका, मिति :

धकधई, रूपन्देही ।

प्रस्तुत विषयमा मेरो स्वामित्व तथा भोगचलनमा रहेको तपसिल बमोजिमको जग्गाबाट नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार र रोहिणी गाउँपालिकाको प्रचलित कानून बमोजिम माटो उत्खनन, ओसारपसार तथा ढुवानी कार्य गर्न देहाय बमोजिमको व्यवसायी/संस्था/फर्मलाई स्वेच्छाले मञ्जुरी प्रदान गर्दछु । मञ्जुरी दिएको स्थान र परिमाण बमोजिम नियमानुसार उत्खनन तथा ढुवानी/ओसारपसार गर्दा कुनै किसिमको उजुर-बाजुर तथा दावी-विरोध गर्ने छैन ।

१. जग्गाको विवरणः

............................जिल्ला साविक .............................. गा.वि.स. वडा नं. .............. हाल रोहिणी गाउँपालिका वडा नं ................. कित्ता नं. ....................... क्षेत्रफल.........................

उत्खनन गर्न मञ्जुरी दिएको परिमाण :

२. व्यवसायी/संस्था/फर्मको विवरण :

- व्यवसायी/संस्था/फर्म/कम्पनीको नामः .................................................
- ठेगानाः ......................................... दर्ता नं.:....................................
- सम्पर्क नं.: ...................................................

३. मञ्जुरीका शर्त तथा बन्देजहरू :

- रोहिणी गाउँपालिकाबाट आवश्यक स्वीकृति नलिई र तोकिएको क्षेत्र बाहिर उत्खनन गर्न पाइने छैन ।
- उत्खनन कार्य गर्दा वातावरणीय प्रभाव न्यूनिकरण, भू-क्षय नियन्त्रण तथा सुरक्षासम्बन्धी मापदण्डहरूको पूर्ण पालना गर्नुपर्नेछ ।
- सार्वजनिक बाटो, नाला, नदी, सिंचाइ संरचना, विद्युत, खानेपानी तथा अन्य सार्वजनिक सम्पत्तिमा कुनै किसिमको क्षति पुऱ्याउन पाइने छैन ।
- कार्य सम्पन्न भएपछि जग्गालाई सम्भव भएसम्म सम्याई पुनः व्यवस्थापन गर्नुपर्नेछ ।
- उत्खनन, ओसारपसार वा ढुवानीका क्रममा कुनै दुर्घटना, क्षति वा विवाद उत्पन्न भएमा त्यसको सम्पूर्ण जिम्मेवारी सम्बन्धित व्यवसायी/संस्था/फर्म/कम्पनीको हुनेछ ।
- स्थानीय तहले तोकेको कर, शुल्क, दस्तुर तथा रोयल्टी अनिवार्य रूपमा बुझाउनुपर्नेछ ।

४. अवधि : यो मञ्जुरी ...................... देखि ...................... सम्मको लागि मात्र मान्य हुनेछ ।

जग्गाधनीको

नाम :

सही :

ठेगाना :

सम्पर्क नम्बर :

अनुसूची — ९

**दफा ६ को उपदफा ६ (घ) सँग सम्बन्धित**

**अनुगमन समितिको अन्तिम प्रतिवेदन**

रोहिणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धकधई, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल २०७३

श्री रोहिणी गाउँपालिका,

मिति :

धकधई, रूपन्देही ।

विषय : अन्तिम अनुगमन तथा मूल्याङ्कन सम्बन्धी प्रतिवेदन पेश गरिकएको बारे ।

प्रस्तुत विषयमा रोहिणी गाउँपालिकाबाट मिति ..................... मा देहाय बमोजिमको जग्गाबाट माटो उत्खनन, ओसारपसार तथा ढुवानी कार्य गर्न .................................................................................. (जग्गाधनी/व्यवसायी/संस्था/फर्म/कम्पनी) लाई अनुमति प्रदान गरिएकोमा सो कार्य अनुमति बमोजिम भए/नभएको सम्बन्धमा अनुगमन समितिबाट स्थलगत निरीक्षण गरिएको व्यहोरा जानकारी गराइन्छ ।

१. जग्गाको विवरण :

............................जिल्ला साविक ............................ गा.वि.स. वडा नं. .............. हाल रोहिणी गाउँपालिका वडा नं ................ कित्ता नं. ...................... क्षेत्रफल.........................

**उत्खनन गर्न अनुमति दिएको परिमाण :**

२. व्यवसायी/संस्था/फर्मको विवरण (भएमा मात्र) :

- व्यवसायी/संस्था/फर्म/कम्पनीको नाम : ..............................................
- ठेगानाः .......................................... दर्ता नं.:...................................
- अनुमति पत्र नं.: ......................

३. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विवरण :

- अनुमति लिएको स्थानमै उत्खनन गरिएको / नगरिएको : ......................
- फरक स्थानमा उत्खनन भएको/नभएको (यदि भएको भए विवरण) : ........................................
- उत्खनन गरेको माटोको परिमाण : ......................
- बढी/कम उत्खनन भएको विवरण : ......................
- मापदण्ड अनुसार उत्खनन भएको/नभएको : ......................
- उद्देश्य बमोजिम माटोको उत्खनन तथा ओसारपसार भएको/नभएको : ......................
- स्थानीयवासीको गुनासो भएको/नभएको : ......................
- ढुवानी अनुमति (चालान/ट्रिप रेकर्ड) राखिएकोको/नराखिएको : ......................
- सडक, नाला लगायत सार्वजनिक संरचनामा असर परेको/नपरेको : ......................

४. अनुमगन समितिको निष्कर्ष :

- उत्खनन कार्य पूर्णरूपमा अनुमति बमोजिम भएको/नभएको : ......................

विद्या प्रसाद यादव

५. अनुमगन समितिको सुझाव तथा सिफारिस :

क. : ..........................................................................................................

ख. : ..........................................................................................................

ग. : ..........................................................................................................

६. अनुमगन समितिको हस्ताक्षर :

| क.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

माथि लेखिएको सबै व्यहोरा साँचो हो । झुट्ठा ठहरिएमा कानून बमोजिम सहुँला, बुझाउँला ।

विद्या प्रसाद यादव

अनुसूची – १०

रोहिणी गाउँपालिका भित्र माटो उत्खनन गर्न बन्देज गरिएको क्षेत्र

| क्र.सं. | विवरण | उत्खनन गर्न नपाइने दुरी |
|---|---|---|
| १ | रोहिणी नदी देखि | ३०० मिटर सम्म |
| २ | अन्तराष्ट्रिय सीमाना दशगजा देखि | ३०० मिटर सम्म |
| ३ | तालतलैया, खोला खोल्सा, नाला, पोखरी तथा धार्मिक घाट क्षेत्र देखि | १०० मिटर सम्म |
| ४ | हाइवे, पक्की पुल, ससपेन्सन ब्रिज र कल्भर्ट देखि | ५० मिटर सम्म |
| ५ | सामुदायिक तथा निजी वन देखि | ५० मिटर सम्म |
| ६ | शिक्षण संस्था, स्वास्थ्य संस्था, सरकारी भवन, धार्मिक तथा ऐतिहासिक क्षेत्र, स्मारक देखि | ५० मिटर सम्म |
| ७ | हाइटेन्सन लाइन २२० के.भी.सम्म देखि | ५० मिटर सम्म |
| ८ | भित्रि कृषि तथा ग्रामीण सडक देखि | ३० मिटर सम्म |
| ९ | खेतको भित्री कुलो (नक्शामा भएको तर सधै पानी नबग्ने) | १० मिटर सम्म |

* *नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार र रोहिणी गाउँपालिकाका अन्य कानूनमा उल्लेखित दुरी खुलेको भएमा सोही बमोजिम हुनेछ ।*

आज्ञाले

(जगत बहादुर बस्नेत)

प्रमुख प्रशासकीय अधिकृत

विद्या प्रसाद यादव

रोहिणी गा.पा. अध्यक्ष